# ५ सामाजिक सेवाकार्यमा लाग्ने येशूको आदतको अनुसरण

***यस अध्यायका मूल पदहरू:*** लूका ४:१६-१९; लूका १०:२५-३७; मत्ती ५:१३; यशैया २:८; यूहन्ना ४:३५-३८ र मत्ती १३:३-९।

***यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:*** **"सारा गालिलभरी उहाँ येशू जानुभयो। त्यहाँ उहाँले यहूदीहरूको सभाघरहरूमा जानुभयो र सिकाउनुभयो। उहाँले परमेश्वरको राज्यको सुसमाचारको प्रचार गर्नुभयो। मानिसहरूमा भएको प्रत्येक रोग र बिमार उहाँले निको पार्नुभयो।" (मत्ती ४:२३)।**

बिलाएतमा रोबर्ट लुइस स्टिभनसन् भन्ने एक जना प्रख्यात लेखक थिए। उनले एक अत्यन्त लोकप्रिय साहसिलो कथा लेखेका थिए जसको नाउँ *द ट्रेजर आइल्याण्ड* (गाड धनको खोजी) हो। तर कतिलाई यो थाहा थिएन कि त्यो लेखक अत्यन्त बिरामी भइरहने केटा थिए जो कि नियमित रूपमा स्कुलमा जान सक्दैन थिए। आखिरमा घरको परिवारले उनलाई स्याहार गर्न नसकेर उनका आमाबाबुहरूले एक जना धाइ आमा र शिक्षकलाई उनलाई व्यक्तिगतरूपमा स्याहार गर्न र शिक्षादीक्षा दिन पाले। एक रात उनको धाई आमा उनी कस्तो छ भनेर उनको कोठामा गइन्। ओछ्यानमा सुतिरहनुको सट्टा, रोबर्ट आफ्नो हातहरू र नाकलाई झ्यालको ऐनामा टासेएर बाहिर हेरिरहेका थिए। चिसो लाग्नुभन्दा अघि ओछ्यानमा जान धाई आमाले उनलाई कर गरिन्।

रोबर्टले त्यस धाइ आमालाई झ्यालमा आउन र उनले के देखिरहेका थिए सो हेर्न अनुरोध गरे। ती धाइ आमा झ्यालमा आइन् र बाहिर सडकमा हेरिन्। त्यहाँ त्यसबेलाको चलन अनुसार एक जना बत्ती बाल्नेले सडकका बत्तीहरू बालिरहेका थियो। त्यसलाई देखाएर रोबर्टले भने, "हेर्नुहोस् त, त्यहाँ त्यस मानिसले अंध्यारोलाई प्वाल पारिरहेको छ!"-मागरिट डेबिज, फियर नट! इज देयर एनिथिङ्ग टु हार्ड फर द गड?" (आस्पेक्ट बुकस्), पृ. ३३२बाट रूपान्तिरत।

आवश्यक परेकाहरूलाई सहयोग गर्न पुरानो करारले के भन्छ सो हामीले पढ्यौं। अब हामी त्यही सन्दर्भमा नयाँ करारले के भन्छ सो हामीले हेर्नेछौं। त्यस विषयमा येशूबाट सुरू गर्दा अत्यन्त असल हुनुभन्दा अरू

कहीँबाट छ र? येशूले सिकाउनुभएको धेरै शिक्षाहरूमा "तिमीहरू संसारको ज्योति हौ" भनेर येशूले सिकाउनुभएको शिक्षा अत्यन्त प्रख्यात छ (मत्ती ५:१४)। उहाँको ज्योति बनेर हामीहरूले येशूको प्रतिबिम्ब गर्छौं। यो पनि ख्याल राखौं हामी होइन तर येशू नै संसारको सत्य ज्योति हुनुहुन्छ (यूहन्ना ८:१२)।

येशूले प्रभावकारी रूपमा ज्योति कसरी बन्ने भनेर अनुकरणीय उदाहरणहरूद्वारा आफ्नो जीवनबाट देखाउनुभएको थियो। उहाँकै अनुसरण गरेर हामीले पनि अंध्यारोलाई प्वाल पार्न सक्छौं।

## १. येशूले यस संसारमा आफ' आउनुको लक्ष्यको वक्तव्य (मिसन स्टेटमेन्ट) निकाल्नुहुन्छ (लूका ४:१६-१९)

नाजरथबाट आउनुभएका यहूदी धर्मको युवा गुरू वा रब्बी येशू गलिल प्रान्तमा अत्यन्त लोकप्रिय हुनुभएको थियो (लूका ४:१५)। जब उहाँले मुख खोलेर बोल्नु हुन्थ्यो तब उनका श्रोताहरू अत्यन्त मुग्ध हुन्थे र उहाँले सिकाउनुभएको शिक्षाप्रति तिनीहरू अत्यन्त अचम्म मान्थे। उहाँ आधिकारिक व्यक्ति जस्तो भएर बोल्नुहुन्थ्यो। अरू धर्मगुरू वा व्यवस्थाका पण्डितहरूले जस्तो गरेर उहाँले सिकाउनुभएको थिएन (मत्ती ७:२८,२९ रूपान्तरित)। एक सब्बथको दिनमा सभाघर वा आराधना स्थलमा येशूले यशैयाको पुस्तकको मुठा खोल्नुभयो। उहाँले यशैया ६१को प्रथम् दुई पदहरू पढ्नुभयो। अनि उहाँले "र हामीहरूको परमेश्वरले बदला लिने दिन" (यशैया ६१:२ रूपान्तरित) भनेर उल्लेख गरेको वाक्य अगाडि रोक्नुभयो।

यशैया ६१:१,२को उदृध गर्दै येशूले लूका ४:१६-१९मा बोल्नुभएको वचन पढ्नुहोस्। ती पदहरूमा यथार्थमा येशूले के घोषणा गर्दै हुनुहुन्थ्यो? हेर्नुहोस् " १६ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः १८ परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।(यशैया ६१:१,२ परमप्रभु परमेश्वरका आत्मा ममाथि छ,

किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ। मन भाँचिएकाहरूको हृदयलाई बाँध्न, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ। २ परमप्रभुको प्रसन्नताको वर्ष र हाम्रा परमेश्वरको बदला दिने दिनको घोषणा गर्न, सबै विलाप गर्नेहरूलाई सान्त्वना दिन)।

परमेश्वरले मन पराउने वर्ष भनेको प्रशन्नता वा खुशियालीको वर्ष हो भनेर हामीले हेरिसकेका छौं (लैब्य २५)। येशूले नाजरथमा यस बेला जानुहुँदा उहाँले बाइबलमा लेखिएको भविष्यवाणीलाई उद्‌ध गर्नुहुन्छ। त्यो भविष्यवाणी पढिसक्नुभएपछि त्यसमाथि विश्वास गर्न येशूले श्रोताहरूलाई आह्वान गर्नुहुन्छः "आजको दिन तपाईँहरूले सुनिरहनुभएको भविष्यवाणी पूरा भएको छ।" (लूका ४:२१ रूपान्तरित)। उहाँले त्यसबेला दिनुभएको प्रवचनमा आफू नै अभिषेक गरिएको व्यक्ति भनेर सार्वजनिकरूपमा घोषणा गर्नुहुन्छ। प्रशन्नताको वर्षमा गरिबहरूलाई सुसमाचार सुनाउने, कैदीमा परेकाहरूलाई छुट्कारा दिन, अन्धाहरूलाई आँखा दिन, पिछडिएका र दविएकाहरूलाई स्वतन्त्र बनाउन र प्रशन्नताको वर्षमा पुनर्जीवन दिन वा पुनर्द्धार गर्न अभिषेक गरिएको व्यक्ति आफै हो भनेर उहाँले मानिसहरूलाई आभास् दिनुभएको थियो। उहाँले घोषणा गर्नु भएको कार्यसूची वा आफ्नो लक्ष्यको वक्तव्य (मिशन स्टेटमेन्ट) उहाँले यस संसरामा गर्नुभएको सेवाकार्यसँग ठ्याक्कै मिल्छ किनभने उहाँले सिकाउनुभएको थियो, बिरामीहरूलाई निको पार्नुभएको थियो, अरूको सेवा गर्नु भएको थियो। आवश्यक परेकाहरूप्रति उहाँ संवेदनशील हुनुभएको थियो।

येशूले यशैया ६२:२को "हाम्रा परमेश्वरको बदला दिने दिनको घोषणा गर्न, सबै विलाप गर्नेहरूलाई सान्त्वना दिन" भन्ने वाक्य किन उद्‌ध गर्नुभएन?

बदला लिने वा न्याय गर्ने समय आयो भन्ने वाक्य येशूले किन उद्‌ध गर्नुभएन भन्दा त्यसबेला मानिसहरूमा एक कहावत प्रचलित थियो त्यसलाई मान्यता नदिन उद्‌ध नगरिएको हुनसक्छ। उद्धारकर्ता वा मसीह आएर स्वतन्त्र सेना संगठन गर्नुहुनेछ र त्यसले इस्राएलमाथि बिजय प्राप्त गर्ने रोमी शत्रु सेनाहरूलाई धपाएर इस्राएल विश्वको शक्तिशाली राष्ट बनाउनुहुनेछ भनेर यहूदीहरूको धारणा थियो। तर येशूको सही लक्ष्य र सेवाकार्यलाई मानिसहरूले नबुझोस् भनेर त्यो धारणाको आविष्कार गरिएको थियो। तर तत्कालिन राजनैतिक र सामाजिक बिषण्डनको बिरुद्धमा आवाज नउठाइ

उहाँको कृपालु सेवाको आवश्यकता भएका मानिसहरूतिर उहाँले ध्यान दिनुभएको थियो।

**आफ्नो सेवाकार्य अरूलाई करुणा देखाउने र सेवा गर्ने भनेर येशूले घोषणा गर्नुभएको थियो। उहाँको नाउँमा हामीले पनि उपयोगीमूलक र करुणा देखाएर काम गर्नुपर्छ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ?**

## २. आफ्नो छिमेकीलाई प्रेम गर्नु (लूका १०:२७)

आवश्यक परेकाहरूलाई सहयोग गर्ने मामिलामा बाइबलले के निर्देशन हाम्रो सामु तेर्स्याइएको छ सो लूका १०:२५मा पढ्नुहोस्: " व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्‍न गरे, गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ? २६ उहाँले तिनलाई भन्नुभयो, व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ ।२७ तिनले भने, तिमीले परमप्रभु, आफ्ना परमेश्‍वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर। २८ उहाँले तिनलाई भन्नुभयो, तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ। २९ तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, मेरो छिमेकीचाहिँ को हो । ३० येशूले जवाफ दिनुभयो, एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पर्‍यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गर्‍यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु। ३६ येशूले सोध्नुभयो, तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?। ३७ तिनले भने, त्यस मानिसमाथि दया देखाउनेचाहिँ। तब येशूले तिनलाई भन्नुभयो, जाऊ, तिमी पनि त्यसै गर।

धर्मशास्त्रको त्यस पण्डितले राम्ररी बुझेका थिए कि परमेश्वरका आज्ञाहरूको पालन हामीहरूले परमेश्वरलाई सारा हृदयले र छिमेकीलाई आफूले जस्तै प्रेम गर्नुपर्छमा भर पर्छ। तर उसलाई आफ्नो छिमेकी भनेको को रहेछ भन्ने ज्ञान थिएन।

आफ्नै जाति वा कूलको पक्षमा उभिनु तर अन्य जातिहरूलाई बाहिरका भनेर वास्ता नगर्ने चलन येशूको पालामा लोकप्रिय धारणा थियो। तर व्यवस्थाका पण्डितले छिमेकी भनेको को हो भन्ने मामिलामा येशूले स्पष्ट गरिदिउन् भन्ने चाहना गरेका थिए भनेर लूका १०ले देखाउँछ। जुन् अर्तीकथा वा दृष्टान्त येशूले बताउनुहुन्छ त्यसमा यहूदीहरूको बीचमा चलेको लोकप्रिय धारणालाई छताछुल्ल पारेको पाइन्छ। हामीहरूको छिमेको जो कोही पनि हो जसलाई हामी भेट्छौं जो आवश्यकताको मारमा छ। छिमेकी हुनुको अर्थ अरूको आवश्यकताप्रति हामी संवेदनशील हुनु हो (कसले सामरीलाई असल छिमेकी भनेर सम्बोधन गऱ्यो? येशूले त भन्नुभएको थिएन। उहाँले सामान्य मानिसको व्यवहार कस्तो हुनुपर्छ भनेर मात्र भन्नु भएको थियो। जो कोही अरूलाई लुटेर नाङ्गो पार्छ र घाइटे बनाउँछ त्यो डाँकु हो र जसले असहायलाई हेरबिचार गर्छ त्यो छिमेकी हो भनेर येशूले मानिसहरूलाई बुझाउन चाहनुभएको थियो-अनुवादकको मनतव्य)। पापले फोहर पार्ने तत्वलाई पवित्र काम वा विधिद्वारा शुद्ध पार्न र आफ्नो धर्मलाई रक्षा गर्न पुजारी र लेबीको बढि चासो थियो। तर धर्मको बहानामा खाँचो परेकाहरूलाई वेवास्ता गर्ने र करुणा तथा कृपाको भाषणचाहीँ छाट्ने तर त्यो व्यवहारमा देखाउन आवश्यक नभएको निति ती धर्मगुरू वा पुजारी पण्डित र लेबी अर्थात् मन्दिरको रेखदेख गर्ने व्यक्तिका थिए। अरूको सहायता गर्न चाहेन वा आफूले गर्ने मायालाई फर्काउन नसक्ने मानिसहरूबाट टाढा बस्न चाहन्छ भने सबै कुरा त्यागेर धर्मको खोल ओढेर त्यसको संरक्षक बनेर बस्दा उचित भएको कतिले ठानेका छन्।

तर त्यस घाइटे शत्रु र वाहिरिय जातको मानिस आफ्नो छिमेकी भएको यहूदीहरूले तल्लो जाति र अछुत मानेको सामरीको थियो। आफू जुन काममा जाँदै थियो त्यस कामलाई रोकेर आफ्नो जातभन्दा बाहिर मानिसको आवश्यकतालाई पूरा गर्न उसले करुणा देखाएको थियो। त्यस परिप्रेक्ष्यमा हामीले सोध्नु पर्ने प्रश्न " हाम्रो छिमेकी को हो" नभनी यो हुनुपर्छ "गरिब र आवश्यक परेकाहरूको छिमेकी को होल?" आवश्यक परेको मानिस को हो

भनेर हामीले केलाएर सहयोग गर्ने होइन बरू जसलाई खाँचो छ त्यसलाई सहयोग गर्नुपर्छ भन्ने मनस्थिति हामीमा हुनुपर्छ।

"राष्ट्र, जातजाति, कूल वा रङ्ग जस्ता मानिस मानिसहरूको बीचमा भेदभाव ल्याउने प्रवृत्ति परमेश्वरमा छैन किनभने उहाँले सबै जनालाई बराबरी हेर्नहुन्छ। सबै मानिसहरूका सृष्टिकर्ता उहाँ नै हुनुहुन्छ। सृष्टिको कारणले गर्दा सबै मानिसहरू एकै परिवार हुन्। मुक्तिको उपायद्वारा सबै मानिसहरू एक हुन्। मानिस मानिसको बीचमा विभाजन ल्याउने सबै खालका पर्खालहरूलाई भत्काउन येशू ख्रीष्ट आउनुभएको थियो। उहाँले मन्दिरको प्रत्येक पर्खाल भत्काउनुभयो जसले गर्दा प्रत्येक मानिस परमेश्वरकहाँ स्वतन्त्रसाथ आउन सकोस्। उहाँको प्रेम यति फराकिलो, यति गहिरो र भरिपूर्ण छ कि त्यो जहाँ पनि फैलिन सक्छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ३८६बाट रूपान्तरित।

**कसैसँग पूर्वाग्रह नराखी येशूको निति अनुसार चलेर छिमेकी हुनुपर्ने बानीलाई तपाईंलाई कसले रोकेको छ?**

## ३. येशूभक्तको जीवनमा हुनुपर्ने परिकारमा मूल तत्व (मत्ती ५:१३)

आफ्ना अनुयायीहरूलाई येशूले नुन हुन् भनेर मत्ती ५:१३मा सम्बोधन गर्नुभएको थियो। नुन परिवर्तन गराउने तत्व वा माध्यम हो। चर्चचाहीँ नुन राख्ने भाँडो हो। चर्चमा यस पृथ्वीका (उहाँका अनुयायीहरू) नुन हुन्छ। नुनरूपी हामीहरू कोसँग घुलमिल गर्नुपर्छ वा मिसिनुपर्छ? के हामी विश्वासी विश्वासीहरूको बीचमा मात्रै कि हामी भन्दा फरक भएका अरू मानिसहरूसँग? यदि तपाईंले एक तरकारीको परिकारमा नुनै नै मात्र राख्नुभयो र अर्को तरकारीको परिकामा विभिन्न तरिकारी र मसलाहरूको साथमा नुन चाहिने मात्रामा मात्र मिसाउनुभयो भने ती दुई तरिकारीहरूको बीचमा के अन्तर हुन्छ? नुनै नुनले भरिएको तरकारी मिठो हुँदैन र तपाईंले खान पनि सक्नुहुन्न। तर दोस्रो तरकारीमा नुन अरू थोकहरूभन्दा फरकै भाग भएपनि ती थोकहरूमा नुन मिसिएको हुन्छ। अनि त्यस नुनले गर्दा स्वाद नभएको तरकारीलाई स्वादिलो बनाउँछ। आफू भन्दा फरक थोकहरूमा नुन मिसाउँदा त्यसले धेरै राम्रो काम गर्दछ। येशूलाई विश्वास गर्छु भन्ने दावी गर्नेहरूमा हुनुपर्ने मूल गुण पनि त्यही हो। तर यदी हामी केवल चर्चरूपी भाँडोमा मात्र सञ्चित भएर आरामसाथ बसियौं भने हामीले कसैलाई पनि परिवर्तन गर्न सक्दैनौं।

त्यसकारण हामीले बुझ्नुपर्ने मूल बिषय वस्तु त्यसमा छ जुन् हामीले बुझ्नुबाट चुक्नुहुन्न। मानिसहरूको अगाडि राम्रो वा असल बन्न वा पवित्र छु भनेर देखाउन जाँडरक्सी नखाने चुरोट पानपराग आदि नखाने, अरूलाई खुशी पार्न उनीहरू जस्तै नाचगान मोजमज्जामा नलाग्ने, जुवा तास आदि नखेल्ने र अपराधी क्रियाकलापमा नलाग्ने आदतमात्र के येशूभक्त जीवनको सर्वोपरी हो त? हामी येशूका भक्त भएको नाताले ती तत्वहरूबाट अलग हुनु निश्चय नै महत्त्वपूर्ण छ। तर प्रश्न हामी के हुनुपर्छ भने हामीले के नगर्नेमा मात्र सिमित नराखेर हामीले के गर्नुपर्छ भन्नेमा पनि हुनु अत्यन्त जरुरी मान्नुपर्छ। हामीहरूको समाजको निम्ति र आवश्यक परेकाहरूका निम्ति हामीले के गरिरहेकाछौं त्यसको जवाफ दिनु पनि उत्तिक्कै जरूरी मान्नुपर्छ।

मत्ती ५:१३ पदमा नुनको स्वादको बारेमा पनि चर्चा गरिएको छ। नुनको स्वाद हरायो भने के गर्ने त? हेर्नुहोस्ः "तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन।"

"मानौं नुनमा हुनुपर्ने स्वाद खतम भयो रे, मानौं आफू इसाई हुँ भनेर धर्मकर्मबाट देखाउँछ  तर त्यससँग येशूको प्रेम छैन रे? तर केवल इसाई हुँ भनेर दावी गर्ने व्यक्तिसँग यथार्थमा असल गर्ने  शक्ति नभएको देखाउँछ। त्यस खालका देखावती इसाईहरूले यस संसारका मानिसहरूलाई मुक्तिको आवश्यकताको आभास् दिन सक्दैनन्।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ४३९बाट रूपान्तरित।

यदि तरकारीमा नुनै नुन भयो भने त्यो तरकारी खान पनि सकिंदैन। त्यो मात्र होइन हामीहरूले खानामा नुनको मात्रा धेरै भयो भने हामीहरूको स्वास्थलाई खराब पनि गर्दछ। त्यो बिषादी पनि हुन सक्छ। ठिक्क मात्रामा नुन अरू*df* मिस*fp*नु जसमा नुन हुँदैन। त्यसकारण हामी पनि संसारका अरू मानिसहरू जस्ता भयौं वा तिनीहरूलाई खुशी तुल्याउने निहुँले अझ बढि सांसारिक मोहमा चुर्लुम्म डुब्यौं भने हामीमा भएको येशूको सन्देशलाई अरूको सामु ओझेलोमा पार्दछौं। त्यस परिप्रेक्ष्यमा हामी इसाई हुँ भनेर दावी गर्ने र दावी नगर्नेको बीचमा के भिन्नता भयो त? सुसमाचारको सन्देश सुनाउने कुनै पनि तत्व हामीमा हुँदैन। नुन केही पनि काम नलाग्ने हुन्छ। येशूले ठोकुवा गरेर त्यस खालको नुन के हुन्छ भन्नुभएको छ?

तर यदि हामीहरूमा येशूको प्रेम भरिएको छ भने हामीहरू "बाहिरका" अरू मानिसहरूसँग "भित्री" हुन चाहेका हुन्छौं। समाजमा

परिवर्तनका माध्यमहरू हुन हामी अति जोशिलो हुन्छौं। येशूको चरित्रलाई व्यवहारमा उतारेर हामी चल्यौं भने हामीहरूकै जीवनले हामीहरू घुलमिल गरेको समाजमा सकारात्मक भिन्नता ल्याउन सक्छौं। अनि हामीहरूकै प्रभावले अरूहरूलाई तिनीहरूको जीवनको महत्त्वपूर्ण खाँचो के हो सो आभास् दिलाउन सक्छौं: त्यो हो येशूमा पाउने मुक्ति।

देहायका पदहरूले हामीलाई खतराको घन्टी बजाइदिएको छ। त्यस खतराको धरापमा नपर्न हामी कसरी होशियार हुने? व्यवस्था १२:३०,३१ "३० होशियार बस, र उनीहरू (अरू जातिहरू) नष्ट भएपछि उनीहरूका चालचलनमा तिमीहरू नफस्नू, र यी जातिहरूले आफ्ना देवताको पूजा कसरी गर्थे?हामी पनि त्यसै गर्छौंभन्दै उनीहरूका देवताहरूका विषयमा चासो नलिनू। ३१ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको पूजा उनीहरूले गरेझैं नगर्नू, किनकि उनीहरूका देवताहरूको पूजा गर्दा उनीहरूले सब किसिमका घृणित कुरा गर्छन्, जुन परमप्रभु घृणा गर्नुहुन्छ। उनीहरू आफ्ना छोराछोरीहरूलाई पनि आफ्ना देवताहरूका लागि आगोमा होमिदिन्छन्।", व्यवस्था ३१:२० "तिनीहरूका पिता-पुर्खालाई शपथ खाएर दिने प्रतिज्ञा गरेको, दूध र मह बग्ने देशमा मैले तिनीहरूलाई पुऱ्याएपछि, तिनीहरू खाई-पिई मोटाएर अन्य देवताहरूतिर लाग्नेछन् र यिनीहरूलाई पुज्नेछन्, अनि मलाई तिरस्कार गरेर मेरो करार उल्लङ्घन गर्नेछन्।" र यशैया २:६-८ "६ तपाईंले आफ्नो प्रजा, अर्थात् याकूबको घरानालाई त्याग्नुभएको छ। तिनीहरू पूर्वदेखि आएका अन्धविश्वासले भरिएका छन्। तिनीहरू पलिश्तीहरूझैं जोखना हेराउँछन्। तिनीहरू विधर्मीहरूसित हात मिलाउँछन्। ७ तिनीहरूको देश सुन र चाँदीले भरिएको छ, तिनीहरूका धनको अन्तै छैन। तिनीहरूको देश घोड़ाहरूले भरिएको छ। तिनीहरूका रथहरूको केही गन्ती नै छैन। ८ तिनीहरूको देश मूर्तिले भरिएको छ। आफ्नै हातका कामलाई तिनीहरू पुज्दछन्, तिनीहरूका आफ्नै औंलाले बनाएका कुरालाई।"

## ४. किसानी पेशमा रहँदा (यूहन्ना ४:३५-३८)

मानिसहरूलाई मुक्तिको खाँचोको आभास् दिलाउन कस्ता बिभिन्न कदमहरू अपनाउनुपर्छ भनेर येशूले हामीलाई सिकाउनुभएको छ? हेर्नुहोस्, यूहन्ना ४:३५-३८ "३५ के तिमीहरू भन्दैनौ, अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ? म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। ३६ जसले बाली काट्छ

त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्। ३७ किनकि एक जनाले छर्छ, र अर्काले कटनी गर्छ, भन्ने वचन यसैमा सत्य हुन्छ। ३८ मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ।

किसानीले गर्नुपर्ने कामहरू विभिन्न पक्षका हुन्छन्। कुनै खेतबालीका कामहरूमा अन्न आदीहरू पाक्नुभन्दा अघि नै केही स्याहार गर्नुपर्छ ताकि बाली प्रसस्त फलुन् (मत्ती ९:३५-३८)। परमेश्वरको खेतमा कटानी गर्न केवल खेतालाहरूकोमात्र आवश्यक हुँदैन। कटानी गर्ने समयमा खेतको मालिकले खेतालाहरूलाई, "लौ, बाली काट्ने बेला भएको छ, अब बिऊ रोप्न सुरू गरौं" भनेर भन्छ होला? बाली फल्न पहिला बिऊ रोप्नुपर्छ र त्यो राम्रोसँग फलेको चाहन्छ भने त्यसलाई वर्षभरि वा आवश्यक परेको समयभरि पहिले त्यसलाई स्याहार गर्नुपर्छ अनिमात्र प्रसस्त बाली फल्न सक्छ।

खेतीपाती गर्नु त्यत्तिको सजिलो छैन। माटोमा खन जोत गर्नुपर्छ। सुरूमा सबै माटो मलिलो वा असल छ भन्ने छैन (मत्ती १३:३-९ पढनुहोस् जसमा ढुङ्गेनी जमिन, काँडा भएको जमिन, बाटो भएको जमिन र असल जमिनको बारेमा चर्चा गरिएको छ)। तपाईंको चर्च वरिपरि रहेका समूदायमा कडा जमिन जस्ता भएका मानिसहरूहरूका हृदयका पत्थरहरू निकालेर नरम पार्न र काँडाहरू निकालेर परमेश्वरको वचनको निम्ति उर्बरा बनाउन तपाईंको चर्चले के गर्न सक्छ?

कटानी तथा बालीनाली भित्राउनुभन्दा पहिले खेतालाहरूले कडा परिश्रम गरेको हुन्छ। कतिपय समयमा जब हामीहरूले बृहत सुसमाचारको प्रचार गर्दछौं तब कतिजनाले बप्तिस्मा लिन्छ होलामा हामीहरूको ध्यान केन्द्रित भएको हुन्छ। तर बालीमा खतेर माटोलाई तयार पार्नु जस्तै बप्तिस्मा लिनुभन्दा पहिले उम्मेदवारहरूलाई तयार पार्नुपर्छ। पहिला प्रभुलाई जीवन समर्पण गराउन मानिसहरूलाई तयार पार्नुपर्छ। अनि मात्र सुसमाचारको कार्यक्रम अपेक्षा गरेको जस्तै लाभदायी हुन सक्छ।

हामीले सुसमाचार कार्यक्रम कसरी संचालन गर्नुपर्छ भन्ने प्रक्रिया थाहा पाउन खेतबारीमा बाली उब्जाउन के गर्नुपर्छ सो को ज्ञान पाउनु जरुरी छः खनजोत गरेर माटोलाई तयार पार्नु, बिऊ रोप्नु, पानी दिनु, मल राख्नु, बाली मार्ने किराहरूसँग संघर्ष गर्नु, पर्खनु, कटानी गर्नु र बालीलाई भित्र्याएर सुरक्षित राख्नु।

फसलको कटानी गर्नु भनेको खेतीबाली गर्ने कामको केवल एक भाग मात्रै हो। चर्चले गर्नुपर्ने खेतीपातीको जस्तो काममा धेरै गृहकार्यहरू समाबेश हुनसक्छ, जस्तै-माटो जाँच्ने काम अर्थात् समाजको आवश्यकताको खोजीनिति गर्नु, मानिसहरूको रहनसहनप्रति ज्ञान हुनु, जनसंख्याको बिचार गर्नु र समाज वा समूदायका अगुवाहरूसँग भेटवार्ता तथा अन्तर्वार्ता गर्नु आदि। बालीको निम्ति माटोलाई तयार गर्नु भनेको, जस्तै सुसमाचार प्रचार गरिने स्थानमा पत्ता लगाइएको समाज वा समूदायका आवश्यकताहरू परिपूर्ति गर्न प्रयास गर्नु, गोष्ठीहरू गर्नु, बाइबल अध्ययन सुरू गर्नु, सानो सानो झुण्डहरू खडा गरेर सङ्गति दिनु तथा वर्षा अर्थात् पवित्र आत्मको निम्ति प्रार्थना गर्नु। एकै चोटी सुसमाचार प्रचार गर्न जाँदा केवल नगन्य रूपमा मात्र मानिसहरूले प्रभुलाई विश्वास गर्न सक्छ। विभिन्न उपायहरूद्वारा सुसमाचारको आवश्यकतालाई महसुस गराउनु जरुरी छ। त्यसो गर्दा बिऊ रोप्ने र फसलको समयको निम्ति हामीहरू तयार हुन सक्छौं। सानोतिनो कार्यक्रमहरूमा मात्रै भर परेर सुसमाचार प्रचार गर्न थाल्छौं भने फसलको समयसम्म नयाँ बिरुवाहरू बाँच्न सक्छन् भन्ने छैन।

**चर्चले लक्ष्य गरेको अनुसार सुसमाचार प्रचार गर्ने र अरूलाई प्रभुतिर ल्याउने सम्पूर्ण काममा तपाईंको भूमिका कस्तो छ र त्यसलाई अझ के सुधार्न सकिन्छ?**

## ५. चर्चको स्थापना (मत्ती १०:५-१०)

येशूले चेलाहरूलाई किन खाली हात शहर र गाउँहरूमा सुसमाचार प्रचार गर्न पठाउनुभयो? हेर्नुहोस्, मत्ती १०:५-१० "५ येशूले यी बाह्र चेलालाई यसो भनी आज्ञा दिएर पठाउनुभयो, “अन्यजातिहरूका माझमा नजाओ, र सामरीहरूका सहरमा नपस। ६ तर इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ जाओ। ७ स्वर्गको राज्य नजिकै आइपुगेको छ, भन्दै प्रचार गर। ८ बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठ-रोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ। ९ तिमीहरू आफ्ना पटुकामा सुन, चाँदी र तामाको सिक्का नबोक, १० यात्राको निम्ति झोली, दुई वटा दौरा, जुत्ता, लौरो नलेओ। किनभने खेतालाले उसको भोजन पाउनुपर्छ।"

एक पैसा पनि नदिइकन खाली हात लिएर चेलाहरूलाई सुसमाचार प्रचार गर्न पठाउने येशूको शैली अनौठो लाग्न सक्छ। तर त्यस शैलीमा

अत्यन्त महत्त्वपूर्ण परिस्थिति चेलाहरूको सामुने येशूले तेर्स्याउनुभएको थियो जसमा परमेश्वरमाथि पूरा भरोसा राख्नु र स्थानीय मानिसहरूलाई साथी बनाएर सेवा गर्नु आदि समावेश भएका थिए। ती चेलाहरूको सेवाले गर्दा स्थानीय मानिसहरूले तिनीहरूको सराहना गरोस् र तिनीहरूको सेवाकार्यको निम्ति सहयोग गर्न स्थानीयबासीहरू खुशी हुने वातावरण बनोस् भन्ने येशूको लक्ष्य थियो।

कुनै पनि एडभेन्टिस्ट नभएको एक ठूलो शहरमा पास्टर फ्रान्कलाई स्थानीय कन्फरेन्सले चर्च सुरू गर्न अऱ्हायो। सुरूमा उनीसँग एक पैसा पनि थिएन। उनले त्यस शहरको नक्सा हेरे र त्यसको सिमाना भेट्टाए। अनि त्यहाँ रहेका मानिसहरूको जीवनशैलीको अध्ययन गरे। अनि उनले त्यस शहरमा गएर प्रत्येक पसलमा त्यस स्थानका बासिन्दाहरूको जीवनको बारेमा सोधपूछ गरे। उनले राजनैतिक, समाजिक र व्यापारी अगुवाहरूसँग भेटघाट गरे। त्यस समाजमा सबभन्दा ठूलो आवश्यकता के हो सोको सोधपूछ गरे। उनले केही स्थानीय बासिन्दाहरूलाई साथी बनाए अनि तिनीहरूको नागरिक जमघट गरेर स्थानीय आवश्यकताहरूको बारेमा छलफल गर्ने कार्यक्रममा उनलाई बोलाए। त्यो वातावरण बनेपछि स्थानीय अगुवाहरूले पास्टर फ्रान्कको चासोप्रति चासो देखाए र त्यस शहरमा रहेको प्रेसबटेरिएन चर्चसँग जोडिएको एक घर भाडामा लिन सघाए। स्थानीय सामाजिक संस्थाका सदस्यहरूले बिऊरूपी केही पैसा उनलाई दिए र त्यस घरलाई रङ्ग लगाउन रङ्ग र सफा गर्ने केही सामानहरू किने। त्यस घरलाई सामाजिक सेवाको निम्ति उने थलो बनाए। बिभिन्न मानिसहरूसँगको छलफलमा त्यस बासिन्दाको मूल चाहना भनेको स्वास्थमा सुधार ल्याउनुपर्ने आवश्यकता उनले थाहा पाएका थिए। त्यसकारण उनले केही स्वयंसेवकहरू बटुले र बिभिन्न स्वास्थ परिक्षण गरेर स्वास्थ सुधारको सुझाव दिए। त्यस कार्यक्रमबाट फाइदा पाउनेहरूले अलिकति पैसा दिन थाले। त्यसले गर्दा तिनीहरूको खर्चमा सहयता भयो। अनि विस्तारै बालबालिकाहरूको सङ्गती सुरू गरे र स्थानीय बासिन्दाहरू आउन थाले।

चर्च रोप्नुभन्दा पहिले स्थानीय मानिसहरूको आवश्यकतालाई परिपूर्ति गर्ने प्रथम् कदम चाल्नुपर्छ, अनि त्यस सेवाकार्यद्वारा चर्च हुर्काउन सहज हुन्छ भनेर पास्टर फ्रान्कले सिक्न पाएका थिए। चर्च स्थापना गर्न धेरै उपायहरू छन्। त्यो एक उत्तम उपाय भएको उनले पत्ता लगाएका थिए। बिस्तारै बिस्तारै समाजिक सेवामा आधारित सेवाकार्यले सेभेन्थ-डे एडभेन्टिस्ट चर्च सुरू भयो र १४० भन्दा बेसी मानिसहरू त्यस चर्चका सदस्यहरू बने।

येशूले सिकाउनुभएको अनुसार समाजमा आफूहरू भिजेर सेवामूलक कामहरू गरेर सुसमाचार प्रचार गर्दा के हुन्छ भनेर पास्टर फ्रान्कको कथाले देखाउँछ। आफूले सिकाउनुभएको अनुसार जिएर येशूले आफ्नो सेवाकार्य कसरी चलाउनुभयो त? अब अर्को अध्यायमा हामीहरूले येशूको सेवाकार्यको तरिकाको अध्ययन गर्नेछौं जसले गर्दा "मानिसहरूकहाँ सफलतासाथ पुग्न सक्छौं"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १४३बाट रूपान्तरित।

**उपसंहारः**

थप जानकारीः **तपाईं र तपाईंको चर्चले समाजिक काम गरेर समाजमा कसरी भिज्ने भन्ने येशूका शिक्षाहरू देहायका पदहरूमा पढ्नुहोस्ः मत्ती ७:१२; मत्ती २३:२३, मत्ती २५:३१-४६; मर्कूस ४:१-३४; मर्कूस ६:१-१३; लूका ६:३६; लूका ११:४२; लूका १२:१३-२१; लूका १४:१६-२४; लूका १६:१३; लूका १८:१८-२७; लूका १९:१-१०; यूहन्ना १०:१०; यूहन्ना १२:८; यूहन्ना १७:१३-१८ र उपलब्ध भएमा एलेन जी ह्वाइटको देहायका सामग्रीहरू पढ्नुहोस्ः द डिजाएर अभ एजेज्, पृ. ६३७-६४१को "द लिस्ट अभ दिज ब्रेथरेन।" र साइन अभ द टाइम्स, मार्च १९, १८९४को "द मिसिनेरी पाटरन्।"**

**"चर्च संसारको ज्योति हो। यदि चर्च संसारको ज्योति होइन भने त्यो चर्च अन्धकारमै रहिरेको हुन्छ।"-एलेन जी ह्वाइट, साइन्स अभ टाइमस्, सेप्टेम्बर १३, १८९३बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको त्यो सोच अत्यन्त प्रभाशाली छ। त्यसले येशूकै शब्दहरू हामीलाई सम्झना गराउँछ, "यदि कोही मानिस मेरो पक्षमा छैन भने त्यो मानिस स्वःत मेरो बिरुद्धमा हुन्छ। जो मसँग रहेर भेंडाहरूलाई यकत्रित पार्दैन त्यसले तिनीहरूलाई छरपस्ट पार्दछन्" (मत्ती १२:३० रूपान्तरित)। येशू आफू स्पष्ट भएको प्रदर्शन गर्नुहुन्छः येशू र शैतानको बीचमा भइरहेको महान् बिवादको युद्धमा कोही मानिस पनि टतस्थ रहन सक्दैन। हामी कि त येशुको पक्षमा उभिरहेका हुन्छौं कि त उहाँको बिरोधी शैतानको पक्षमा। हामीले पाएको महान् सत्य आत्मज्ञान वा ज्योतिलाई गुम्साएर राख्नु नै उहाँको बिरुद्धमा खडा भएर बस्नु हो। सारा संसारको सामु हामीहरूलाई ज्योति बन्न हामीहरूलाई बोलाइएको हो। यदि हामी ज्योति होइनौं भने त्यसको बिकल्प वा अन्धकार भएर बाँचिरहेका हुन्छौं। हामी बिभिन्न मानिसहरू बिभिन्न परिस्थितिमा रहौंला तर निति एउटै होः "यदि तिमीभित्र रहेको ज्योति अन्धकार छ भने, ओहो, त्यो अन्धकार कस्तो ठूलो हुने**

**रहेछ!" (मत्ती ६:२३ रूपान्तरित)। "जसलाई धेरै दिइएको छ त्यसबाट धेरै अपेक्षा गरिएको हुन्छ। धेरै मानिसहरूलाई सम्हाल्न जिम्मेवारी दिएकाहरूबाट धेरै नै गर्न माग गरिएको हुन्छ" (लूका १२:४८ रूपान्तरित)।**

**चिन्तनमननः**

अ. अरूहरूलाई सुसमाचार सुनाउन हामी संसारसँग कसरी भिज्नुपर्छ सो सोच्नुहोस्। संसारमा रहनु र संसारबाट अलग हुनुबाट ठिक संतुलन कसरी राख्ने? आफू समस्याको भाग नभएर तर समाधान बनि संसारसँग भिजेर अरूलाई कसरी राम्रो सेवा गर्ने?

आ. जब हामी प्रायजसो समाजमा भिज्छौं तब राजनितिको कुरो उठ्दछ। हामीले सहयोग गर्न चाहने बिषयबस्तुहरू जस्तै-गरिब असहायहरूलाई सेवा गर्ने, शिक्षा र स्वास्थ क्षेत्रमा सहयोग गर्ने आदिहरू राजनितिमा लाग्नेहरूले पनि उठाउँछन्। तर हामीले के गर्न चाहन्छौं त्यसलाई राजनैतिकरण गरेर कसरी नबिगार्ने? कतिपय समयमा त राजनैतिक मानिसहरूसँग नभिजि काम पनि बन्दैन। तर हामीहरूले गर्ने सेवामूलक कार्यहरूमा सकेसम्म राजनिति नघुसाएर कसरी स्वच्छ राख्ने?

इ. समाजमा मानिसहरूको राम्रोसँग सेवा गर्न के राजनितिमा समाबेश हुनु आवश्यक नै छ त? यदि छ भने हामीहरूमा भएको येशूनितिलाई बलिदान नदिएर हामीहरूलाई दिएका अभिभाराहरूलाई कसरी बोक्ने?